# प्रेस विज्ञप्ति

नोभेम्वर ९, २००७ मा अन्तर्राष्ट्रिय मुद्रा कोषको कार्यकारी समितिले नेपालको गरिबी निवारण तथा आर्थिक वृद्धि सुविधा (पी.आर.जी.एफ.) कार्यक्रमको पाँचौ तथा अन्तिम पुनरावलोकन गरी एस.डी.आर. १ करोड ६ लाख ९० हजार निकासा गरेको छ । प्रतिकूल राजनीतिक परिवेशमा समेत नेपाल सरकारले सार्वजनिक वित्तको क्षेत्रमा गरेको उल्लेखनीय सुधार, अर्थतन्त्रका अन्य संरचनागत र परिमाणात्मक लक्ष्यहरुमा देखाएको प्रगति लगायत समग्रमा आर्थिक सुधारका विषयहरुमा दिएको प्राथमिकता तथा कायम गर्न सकेको समष्टिगत आर्थिक स्थिरताका कारण उक्त निकासा सम्भव भएको हो ।

चालु आर्थिक वर्षको बजेटले सामाजिक क्षेत्र, पूर्वाधार विकास, राजस्व परिचालन र आन्तरिक ऋणको नियन्त्रित परिचालनमा दिएको जोडका साथै उपयुक्त समष्टिगत नीतिहरु तथा संरचनात्मक सुधार प्रति देखाएको प्रतिवद्धता र निरन्तररुपमा हासिल हुन सकेको समष्टिगत आर्थिक स्थायित्वको अवस्थालाई समितिले स्वागत गरेको छ ।

पी.आर.जी.एफ. अन्तर्गत अन्तर्राष्ट्रिय मुद्रा कोषले नेपाललाई नोभेम्वर १९, २००३ र अक्टोवर २०, २००४ मा गरी दुई किस्ता वापत जम्मा एस.डी.आर. १ करोड ४२ लाख ६० हजार उपलब्ध गराएकोमा नोभेम्वर १७, २००६ मा एस.डी.आर. १ करोड ४२ लाख ६० हजार र जुन १३, २००७ मा एस.डी.आर. १ करोड ६ लाख ९० हजार उपलब्ध गराएको थियो ।

मिति : २०६४।०७।२६

(डा. प्रदिप प्रसाद उपाध्याय)
उप-सचिव